नेपाल सरकार

अर्थ मन्त्रालय

# भन्सार विभाग

त्रिपुरेश्वर, काठमाडौं

## अत्यन्त जरुरी सूचना

मिति २०८३ भाद्र १० गते तिब्बततर्फबाट भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट लगायतका जिल्लाका सर्वसाधारण, भन्सार कार्यालयका कर्मचारी तथा परिवारजन, व्यवसायी, मालवाहक सवारी साधनका चालक तथा सह-चालक लगायत सम्पूर्ण प्रभावित व्यक्ति एवम् त्यहाँ अवस्थित व्यापारिक मालवस्तु, ढुवानी र सवारीका साधन तथा अन्य भौतिक संरचनामा पुगेको क्षतिप्रति भन्सार विभाग गहिरो दुःख व्यक्त गर्दछ। यस विषम परिस्थितिमा भन्सार प्रशासनका कर्मचारी, आयातकर्ता, व्यवसायी तथा ढुवानीकर्ताको उद्धार, सूचना आदान-प्रदान तथा व्यापार सहजीकरणका लागि देहायबमोजिमका सम्पर्क नम्बरहरू कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### १. भन्सार कर्मचारी तथा परिवारजनका लागि

रसुवा लगायत प्रभावित क्षेत्रमा कार्यरत सम्पर्कविहीन वा घाइते भएका भन्सार प्रशासनका कर्मचारी तथा निजका परिवारजनले अद्यावधिक अवस्था जानकारी गराउन एवम् उद्धार तथा आवश्यक सहयोगका लागि देहायको सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्कः** क) कुमार घिमिरे, शाखा अधिकृत, ९८४१३६५९४८ ख) भरतमणि सापकोटा, शाखा अधिकृत, ९८४९६४५०३०

ग) शिवराज बोहरा, शाखा अधिकृत, ९८४९९३२२०२

### २. व्यवसायी, चालक तथा सह-चालकका लागि

भन्सार नाकातर्फ आउने क्रममा **बाटोमा सम्पर्कविहीन भएका व्यवसायी, मालवाहक सवारी साधनका चालक तथा सह-चालक वा निजका परिवारजनले** आफ्नो अवस्थाबारे जानकारी गराउन तथा आवश्यक उद्धार/सहजीकरणका लागि देहायको सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्कः** क) रमेश सुकमनी, शाखा अधिकृत, ९८५११९२०९८ ख) युजिन चापागाई, शाखा अधिकृत, ९८४२१४१६६७

### ३. वैकल्पिक नाका प्रयोग तथा व्यापार सहजीकरणका लागि

रसुवागढी, तातोपानी लगायतका नाका हुँदै नेपालतर्फ आउन लागेका मालवाहक सवारी साधन, चालक तथा व्यवसायीहरूले हाल उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै तत्कालका लागि सम्भव भएसम्म **मुस्ताङस्थित कोरला नाका** प्रयोग गर्नुहुन अनुरोध गरिन्छ। कोरला नाका प्रयोग, वैकल्पिक मार्ग, भन्सार प्रक्रिया तथा अन्य आवश्यक सहजीकरण सम्बन्धी जानकारीका लागि देहायका सम्पर्क नम्बरमा सम्पर्क गर्न सकिनेछ।

**सम्पर्कः** क) नवराज चौलागाई, शाखा अधिकृत, ९८१३५६४९७४ ख) प्रतिष्ठा कोइराला, शाखा अधिकृत, ९८४१०७१५३०

यस विपद्को समयमा भन्सार विभाग प्रभावित सबैको साथमा रहेको छ।

**मितिः २०८३/०५/१०** **भन्सार विभाग**